**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ फरवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज मध्य प्रदेशको भोपालमा विश्वव्यापी लगानीकर्ता शिखर सम्मेलन - जीआईएसको उद्घाटन गर्नु हुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी आज दिउँसोदेखि असमको दुई दिने भ्रमणमा जाँदै हुनुहुन्छ।

३. प्रयागराजमा चलिरहेको महाकुम्भमा अहिलेसम्म ६२ करोड ६ लाखभन्दा बढी भक्तजनले त्रिवेणी संगममा स्नान गरिसकेका छन्।

४. च्याम्पियन्स ट्रफी एकदिवसीय क्रिकेटमा भारतले पाकिस्तानलाई पराजित गरेकोमा गृहमन्त्री अमित शाह लगायत अन्यले भारतीय टोलीलाई बधाई दिएका छन्।

५. च्याम्पियन्स ट्रफी एकदिवसीय क्रिकेट टुर्नामेन्टमा भारतले पाकिस्तानलाई छ विकेटले पराजित गरेको छ।

**<u>पीएम-भोपाल जीआईएस</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज मध्य प्रदेशको भोपालमा विश्वव्यापी लगानीकर्ता शिखर सम्मेलन - जीआईएसको उद्घाटन गर्नु हुनेछ। दुई दिने शिखर सम्मेलनले औषधि र चिकित्सा उपकरणहरू, यातायात, उद्योग, सीप विकास, पर्यटन र एमएसएमई लगायत विभिन्न विषयहरूमा विभागीय सम्मेलन र विशेष सत्रहरू आयोजना गर्नेछ।सम्मेलनको अवधिमा अटो शो, टेक्सटाइल र फेसन एक्स्पो र "एक जिल्ला-एक उत्पादन" सँग सम्बन्धित तीन प्रमुख औद्योगिक प्रदर्शनीहरू पनि आयोजना गरिनेछ।

****** ० ******

**<u>प्रधानमन्त्रीको आसाम भ्रमण</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी आज दिउँसोदेखि असमको दुई दिने भ्रमणमा जाँदै हुनुहुन्छ। यस क्रममा, उहाँ आज गुवाहाटीमा झुमोर बिनन्दिनी कार्यक्रममा भाग लिनु हुनेछ। प्रधानमन्त्रीले भोलि एडभान्टेज असम २.० लगानी तथा पूर्वाधार शिखर सम्मेलन २०२५ को उद्घाटन गर्नु हुनेछ।

****** ० ******

**<u>मोदी - प्रधानमन्त्री किसान</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहारको भागलपुरबाट प्रधानमन्त्री किसान सम्मान निधि योजनाको १९ औं किस्ता जारी गर्नु हुनेछ। यस योजनामार्फत, जग्गाधनी किसानहरूलाई तीन बराबर किस्तामा वार्षिक छ हजार रुपियाँ आर्थिक सहायता प्रदान गरिन्छ। देशभरका ७३१ कृषि विज्ञान केन्द्रहरूमा पनि कार्यक्रमहरू आयोजना गरिनेछ, जसमा लगभग २.५ करोड किसानहरू कार्यक्रममा सामेल हुनेछन्।केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले केन्द्र तथा राज्य सरकारका योजनाहरूको बारेमा जागरूकता जगाउन यो दिनलाई किसान

सम्मान समारोहको रूपमा मनाइने जानकारी दिनु भयो। उहाँले भन्नु भयो, देशभरका ९ करोड ८० लाखभन्दा बढी किसानहरूले प्रत्यक्ष लाभ हस्तान्तरण मार्फत २२ हजार करोड रुपियाँभन्दा बढीको आर्थिक सहायता पाउनेछन्। उहाँले भन्नु भयो, पीएम-किसान योजना अन्तर्गत, देशका ११ करोडभन्दा बढी किसान परिवारहरूलाई अहिलेसम्म ३.४६ लाख करोड रुपियाँभन्दा बढी रकम वितरण गरिएको छ।

****** ० ******

**नाड्डा माल्दिभ्स**

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले हिजो नयाँ दिल्लीमा माल्दिभ्सका स्वास्थ्य मन्त्री अब्दुल्ला नाजिम इब्राहिमसँग भेट गर्नुभयो। सामाजिक सञ्जाल पोस्टमा, श्री नड्डाले भन्नु भयो, बैठकको क्रममा दुई मन्त्रीहरूले स्वास्थ्य क्षेत्रमा सहयोगलाई सुदृढ पार्ने महत्त्व, विशेष गरी स्वास्थ्य विशेषज्ञहरूको क्षमता निर्माण र प्रशिक्षण, डिजिटल स्वास्थ्य, औषधि र मानसिक स्वास्थ्यमा छलफल गर्नु भयो।

****** ० ******

**जनरल उपेन्द्र द्विवेदीको फ्रान्स भ्रमण**

भारत-फ्रान्स रक्षा सहयोगलाई बढावा दिने प्रयासको रूपमा सेना प्रमुख (सीओएएस) जनरल उपेन्द्र द्विवेदी फ्रान्स प्रस्थान गर्नुभएको छ। सेना प्रमुख आजदेखि बिहीबारसम्म फ्रान्सको औपचारिक भ्रमणमा रहनु हुनेछ। भोलि सेना प्रमुखले पेरिसको लेस इन्भालिडेसमा वरिष्ठ फ्रान्सेली सैन्य नेतृत्वलाई भेट्नु हुनेछ। दिनको सुरुवात गार्ड अफ अनरबाट हुनेछ, त्यसपछि उहाँले फ्रान्सेली सेना प्रमुख जनरल पियरे शिलसँग छलफल गर्नेछन्। बैठकको उद्देश्य दुई देशहरूबीचको बलियो सैन्य सम्बन्धलाई प्रवर्द्धन गर्नु हुनेछ। मंगलबार, जनरल द्विवेदीले मार्सेलीको यात्रा गर्नु हुनेछ जहाँ उहाँले फ्रान्सेली सेनाको तेस्रो डिभिजनको भ्रमण गर्नु हुनेछ| त्यहा उहाँलाई तेस्रो डिभिजनको मिशन र भूमिका, द्विपक्षीय सैन्य अभ्यास शक्ति, भारत-फ्रान्स तालिम सहयोग र फ्रान्सेली सेना आधुनिकीकरण कार्यक्रमबारे जानकारी गराइनेछ। बिहीबार, सेना प्रमुखले प्रथम विश्वयुद्धमा भाग लिने शहीद भारतीय सैनिकहरूलाई पुष्पहार अर्पण गर्न न्युभ चैपेल भारतीय युद्ध स्मारकको भ्रमण गर्नु हुनेछ। जनरल द्विवेदीले फ्रान्सको संयुक्त स्टाफ कलेज इकोल डे गुएरेमा आधुनिक युद्धको विकसित प्रकृति र भारतको रणनीतिक दृष्टिकोणमा व्याख्यान दिनु हुनेछ।

****** ० ******

**महाकुम्भ - प्रमुख भक्तजन**

प्रयागराजमा चलिरहेको महाकुम्भमा हरेक दिन विश्वभरबाट लाखौं भक्तजनले भाग लिइरहेका छन्। अहिलेसम्म ६२ करोड ६ लाखभन्दा बढी भक्तजनले त्रिवेणी संगममा स्नान गरिसकेका छन्। हाम्रा संवाददाताले जानकारी दिए अनुसार हिजो संगममा लगभग १ करोड ३२ लाख भक्तजनले पवित्र स्नान गरे जसमा धेरै प्रतिष्ठित व्यक्तित्वहरू पनि समावेश थिए।

****** ० ******

**वित्त आयोग-मिजोरम**

अध्यक्ष अरविन्द पनगरियाको नेतृत्वमा रहेको १६ औं वित्त आयोगले आजदेखि मिजोरम सरकार, उद्योग संघ, ग्रामीण तथा शहरी स्थानीय निकाय र स्वायत्त संस्थाहरूसँग औपचारिक परामर्श सुरु गर्नेछ। वित्त आयोगका अध्यक्ष र यसका तीन सदस्यहरू - अजय नारायण झा, एनी जर्ज म्याथ्यू र मनोज पाण्डा लगायत अन्य अधिकारीहरू हिजो आइजोल आइपुगे। यहाँ पुगेपछि श्री पनगरिया र वित्त आयोगका अन्य सदस्यहरूले राजभवनमा राज्यपाल विजय कुमार सिंहलाई भेटे। आयोगको टोलीले पछि हुन्थर भेङ पहिरो प्रभावित क्षेत्रको भ्रमण गर्‍यो। मिजोरमको चार दिने भ्रमणको क्रममा, वित्त आयोगले भारत सरकारलाई सिफारिसहरू तयार गर्ने क्रममा राज्यसँग सम्बन्धित केही मुद्दाहरूमा उनीहरूको विचार र राय सुन्न मुख्यमन्त्री लालदुहोमा, उनका मन्त्रिपरिषद्का सहकर्मीहरू, वरिष्ठ सरकारी अधिकारीहरू, राजनीतिक दलहरू, तीन स्वायत्त जिल्ला परिषद्हरू-एडीसीहरू, स्थानीय निकायहरू, व्यापार र उद्योग प्रतिनिधिहरू र ग्राम परिषद्हरूसँग श्रृंखलाबद्ध बैठकहरू गर्नेछ। १६ औं वित्त आयोग ३१ डिसेम्बर २०२३

मा गठन भएको थियो। यसको जिम्मेवारी १ अप्रेल २०२६ देखि अर्को पाँच वर्षको अवधिको लागि केन्द्र र राज्य सरकारहरू बीचको राजस्व बाँडफाँड मोडेलको समीक्षा र सिफारिस गर्नु हो।

****** ० ******

**बंगलादेश-भारतीय सिनेमाको वार्षिकोत्सव**

भारतीय चलचित्र उद्योगको १११ औं वार्षिकोत्सव बंगलादेशमा ढाकास्थित भारतीय सांस्कृतिक केन्द्रमा - भारतीय सिनेमाको यात्रा - विषयवस्तुमा एक समृद्ध प्रदर्शनीको उद्घाटनसँगै मनाइएको थियो। बंगलादेशका लागि भारतीय उच्चायुक्त प्रणय वर्माले ढाकास्थित भारतीय उच्चायोगको इन्दिरा गान्धी सांस्कृतिक केन्द्रले आयोजना गरेको प्रदर्शनीको उद्घाटन गर्नु भयो।यस अवसरमा उच्चायुक्तले भन्नु भयो, भारतीय फिल्म उद्योगको सुरुवात २१ मई १९१३ मा मौन फिल्म राजा हरिश्चन्द्रको रिलीजसँगै भएको थियो। उच्चायुक्तले मनोरञ्जन उद्योगमा संलग्न बंगलादेशीहरूलाई १ मईदेखि ४ मई २०२५ सम्म मुम्बईमा आयोजना हुने आगामी वेभ्स-वर्ल्ड अडियो भिजुअल र मनोरञ्जन शिखर सम्मेलनमा भाग लिन पनि आह्वान गर्नु भयो।यस अवसरमा भारतीय सिनेमाको विकास र यसका विभिन्न चरण र कोसेढुङ्गामा विभिन्न दिग्गज फिल्म व्यक्तित्वहरूको योगदानको बारेमा छलफल पनि आयोजना गरिएको थियो। कार्यक्रममा ठूलो संख्यामा चलचित्र व्यक्तित्व, कला प्रेमी र चलचित्र निर्माण संस्थानका विद्यार्थीहरूको उपस्थिति थियो।

****** ० ******

**च्याम्पियन्स ट्रफी - बधाई सन्देश**

दुबईमा भएको च्याम्पियन्स ट्रफी एकदिवसीय क्रिकेटमा पाकिस्तानलाई छ विकेटले पराजित गरेकोमा गृहमन्त्री अमित शाहले भारतीय टोलीलाई बधाई दिनु भएको छ। भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष जेपी नड्डाले पनि टिम इन्डियालाई बधाई दिनु भयो र कट्टर प्रतिद्वन्द्वी विरुद्ध शतक बनाएकोमा विराट कोहलीको प्रशंसा गर्नु भयो। केन्द्रीय खेलकुद मन्त्री मनसुख मांडवीयले पनि भारतीय टोलीलाई बधाई दिनु भएको छ। यसैबीच, दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले भारतीय टोलीको जित बलियो प्रदर्शनका कारण भएको बताउनु भएको छ। उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले पनि टिम इन्डियालाई बधाई दिनु भएको छ। उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामीले यो जितलाई 'ऐतिहासिक' बताउनु भएको छ। असमका मुख्यमन्त्री हिमन्त विश्व शर्माले विराट कोहलीले सधैं अघि बढेर नेतृत्व गरेको बताउनु भयो। मध्य प्रदेशका मुख्यमन्त्री मोहन यादवले भारतीय टोलीले पाकिस्तानलाई हराएर सबैलाई गौरवान्वित बनाएको बताउनु भयो। राजस्थानका मुख्यमन्त्री भजनलाल शर्माले पाकिस्तान विरुद्ध भारतको जित सुनौलो भएको बताउनु भयो। महाराष्ट्रका उप मुख्यमन्त्री एकनाथ शिन्देले पनि टीम इन्डियालाई जितको लागि बधाई दिनु भएको छ। राजस्थानका गृहमन्त्री गजेन्द्र सिंह खिमसरले टिम इन्डियाको जितलाई विराटको जित भन्नु भयो। लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीले भारतीय टोलीको प्रदर्शनको प्रशंसा गर्दै यसलाई उत्कृष्ट टिमवर्क र मास्टरक्लास भन्नु भयो। तमिलनाडुका मुख्यमन्त्री एम.के. स्टालिनले भन्नु भयो, टीम इन्डियाको जित उत्कृष्ट प्रदर्शनको परिणाम हो। आम आदमी पार्टीले पनि भारतीय टोलीलाई बधाई दिँदै भनेको छ कि सम्पूर्ण देश भारतले च्याम्पियन्स ट्रफी जितेर इतिहास रच्ने प्रतिक्षामा छ।

****** ० ******

**भारत-पाकिस्तान: च्याम्पियन्स ट्रफी**

दुबईमा जारी च्याम्पियन्स ट्रफी एकदिवसीय क्रिकेट टुर्नामेन्टको समूह ए को महत्वपूर्ण म्याचमा भारतले पाकिस्तानलाई छ विकेटले पराजित गरेको छ। २४२ रनको लक्ष्य पछयाउँदै भारतले ४२ ओभर ३ बलमा ४ विकेट गुमाएर २४४ रन बनायो। भारतका लागि विराट कोहलीले अविजित १०० रन बनाए भने श्रेयस अय्यरले ५६ र शुभमन गिलले ४६ रन बनाए। भारतले अर्को म्याच२ मार्चमा दुबई अन्तर्राष्ट्रिय स्टेडियममा न्युजिल्याण्डसँग खेल्नेछ।

****** ० ******